आज मिति २०७७ साल मंसिर १२ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को चौथो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | केशव |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १०. | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | सुना |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पार्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रेकम पोखेल | लेखापाल | |
| २ | केशर बहादुर विष्ट | नायव सुव्वा (पाचौं) | |
| ३ | दुर्योधन महरा | सहायक चौथो | |

## चौथो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) कार्यक्रम सञ्चालन खर्चको मापदण्ड सम्बन्धमा ।
२) आ.व. २०७६/०७७ को प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को आयव्यय सम्बन्धमा ।
३) शिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।
४) गाउँपालिका स्तरीय अस्पताल भवनको जग्गा सम्बन्धमा ।
५) वास योजना स्वीकृति सम्बन्धमा ।
६) कार्यविधि तयारी सम्बन्धमा ।
७) कार्यविधि स्वीकृति सम्बन्धमा ।
८) विद्यालय सञ्चालन सम्बन्धमा ।
९) प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट व्यवस्थापन सम्बन्धमा ।
१०) सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना सम्बन्धमा ।
११) विविध छलफल सम्बन्धमा ।

### २०७७ मंसिर १२ गते बसेको चौथो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन खर्चको मापदण्ड सम्बन्धमा । | गाउँपालिकाबाट सञ्चालन गरिने गोष्ठि, अभिमुखिकरण लगाएतका कार्यक्रम सञ्चालन गर्न खर्चको मापदण्ड तयार गरि स्वीकृत गर्न आवश्यक भएको । | गाउँपालिकाबाट सञ्चालन गरिने सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला बैठक सञ्चालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड, (Norms) २०७७, छलफलबाट पेश भई आए बमोजिमको माप्दण्ड स्वीकृत गर्ने । | प्रस्तावमा उल्लेख भएं बमोजिम पारित गर्ने निर्णय गरियो । |
| २ | आ.व. २०७६/०७७ को प्राकृतिक श्रोत ( ढुङ्गा, गिटटी, बालुवा) को आयव्यय सम्बन्धमा । | आ.व. २०७६/०७७ मा प्राकृतिक श्रोत (ढुङ्गा, गिटटी, बालुवा) को आयव्यय जानकारी गराउन आवश्यक भएको । | आ.व. २०७६/०७७ मा पटक पटक ठेक्का आह्वान गर्दा पनि कुनै ठेक्का नपरेको र गाउँपालिका स्तरीय कार्यदल गठन गरी कार्यदलबाट प्राकृतिक श्रोतको कर असुल गरि जम्मा भएको रकम जानकारी गराउन कार्यदलका संयोजक तथा कार्यपालिका सदस्य तुलसी सुनारबाट आ.व. २०७६/०७७ को प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को पेश भएको आयव्यय विवरण मध्ये केहि रकम दाखिला हुन बाँकी देखिएकोले बाँकी रकम सम्बन्धीत व्यक्तिहरुलाई तत्काल दाखिला गर्न लगाउने गरि अनुमोदन गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ३ | शिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्बन्धमा । | गाउँ शिक्षा समितिको मिति २०७७ असोज ९ गते बसेको बैठकका निर्णयलाई अनुमोदन गर्नुपर्ने । | मिति २०७७/०६/०९ गते बसेको गाउँ शिक्षा समितिको बैठकको निर्णयहरुलाई अनुमोदन गर्ने र मिति २०७७/०३/०३ बसेको गाउँ शिक्षा समितिको बैठकबाट निर्णय नं. ६ मा भएको निर्णयलाई कार्यान्वयन गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | गाउँपालिका स्तरीय अस्पताल भवनको जग्गा सम्बन्धमा । | गाउँपालिका स्तरीय अस्पताल निर्माणका लागि जग्गाको आवश्यक देखिएको । | गाउँपालिका स्तरीय अस्पताल निर्माणका लागि प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर रोल्पासँग जोडिएका तपशिल बमोजिमका जग्गा धनीहरुबाट निःशूल्क जग्गा दान गर्न इच्छुक भई निवेदन दिनुभएको हुँदा उक्त जग्गा गाउँपालिका स्तरीय अस्पताल निर्माणका लागि स्वीकार गर्ने ।<br>**तपशिल**<br>क) बालाराम घर्तीमगर कि.नं. ६४७ - १०० व.मि<br>ख) बालाराम घर्तीमगर कि.नं. १८२० -१२५ व.मि.<br>ग) कुल बहादुर घर्तीमगर कि.नं. ६२८ - २० व.मि.<br>घ) राम बहादुर घर्तीमगर कि.नं. ६० - ५१५ व.मि.<br>ङ) भुपनारायण घर्तीमगर कि.नं. ६२९ - ४० व.मि.<br>च) भुपनारायण घर्तीमगर कि.नं. ६०७-६०० व.मि. | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ५ | वास योजना स्वीकृति सम्बन्धमा । | वास योजना स्वीकृति गर्न आवश्यक रहेको । | वास योजना कार्यदलबाट छलफल भई गाउँपालिकामा पेश हुन आएको वास योजना कार्यक्रमलाई स्वीकृति गरि कार्यान्वयन गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ६ | कार्यविधि तयारी सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न कार्यविधिहरु तयार गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने महिला विकास समिति गठन सञ्चालन कार्यविधि, २०७७, वस्तीवस्ती अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, गाउँपालिका भित्र अध्यनरत किशोरिहरुलाई उपाध्यक्ष छात्रवृति कार्यक्रम कार्यविधि, २०७७, फुसको छानो विस्थापन कार्यविधि, २०७७, विद्यार्थीसँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ र जनतालाई गाउँपालिकाको निःशूल्क उज्योला कार्यविधि, २०७७ तयारी गरि आगामि पाँचौ कार्यपालिका वैठकबाट छलफल गरि पारित गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ७ | कार्यविधि स्वीकृति सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु तयार भई पेश हुन आएको कार्यविधि पारित गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने सुनिलस्मृति गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ लाई पारित गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ८ | विद्यालय सञ्चालन सम्बन्धमा । | असोज ११ गते देखि जोरविजोर प्रणालिबाट सञ्चालनमा आएका विद्यालयहरुलाई आवश्यकता अनुसार हेरफेर गर्न आवश्यक देखिएको । | असोज ४ गते वसेको आ.व. २०७७/०७८ को तेश्रो गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार असोज ११ गते देखि जोरविजोर प्रणालीबाट सञ्चालनमा आएका विद्यालयहरुलाई पढाईको अवस्था, विद्यार्थीहरुको उपस्थिति तथा जोखिमको विश्लेषण गरि विद्यालय व्यवस्थापन समितिको वैठक बाट निर्णय गरि आवश्यकता अनुसार विद्यालय सञ्चालन गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट व्यवस्थापन सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट बाँडफाड गर्नुपर्ने । | प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा इन्ट्रि भएको ९०३ जना वेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण सूची अनुमोदन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि शसर्त अनुदान रकमबाट प्राप्त रु १ करोड १५ लाख ८१ हजार रकमलाई प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधि अनुसारको कार्यक्रम स्वीकृत गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| १० | सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना सम्बन्धमा । | गाउँपालिका भित्रका केहि स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गर्न आवश्यक रहेको । | बर्थिङ सेन्टर देखि टाढा रहेको वडा नं. २ च्यानधारा र गोगनपानी, वडा नं. ५ क्वालिगाउँमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना गर्नुपर्ने आवश्यक देखिएको हुँदा उक्त स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ११ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>**क)** गाउँपालिका स्तरीय वाल अधिकार समिति गठन सम्बन्धमा । | क) गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन गर्नुपर्ने भएको हुँदा गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट दलित र महिलाबाट तपशिल बमोजिमका सदस्यहरुलाई छनौट गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१) तुलसी सुनार<br>२) सुना परियार<br>३) मन्सरी वि.क. | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| | | **ख)** दृष्टि विहिन विद्यार्थीहरुका लागि छात्रावास सञ्चालन सम्बन्धमा । | ख) दृष्टि विहिन विद्यार्थीका लागि छात्रावास सञ्चालन गर्न सम्बन्धमा छिमेकि गाउँपालिकाहरुसँग समेत छलफल र समन्वय गरि सोही अनुसार गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| | | **ग)** इलाका प्रहरी कार्यालय खुंग्रिको जग्गा खरिद सम्बन्धमा । | ग) इलाका प्रहरी कार्यालय खुंग्रिको भवन निर्माणार्थ जग्गा खरिद गर्नको लागि यस गाउँपालिकाबाट रु १५ लाख रकम उपलब्ध गराउने भनि तेश्रो कार्यपालिका बैठकबाट निर्णय भई सकेको र बाँकी नपुग हुने रकम थप गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट थप रकम मागको लागि पत्र प्राप्त भएमा सोही अनुसार आवश्यक रकम थप भुक्तानी गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| | | **घ)** प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर माग सम्बन्धमा । | घ) यस गाउँपालिका स्थीत प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर रोल्पामा कार्यरत डाक्टर सरुवा भई अन्यत्र जानु भएको हुँदा रिक्त रहेको पदमा १ जना डाक्टरको लागि आवश्यक पक्रिया अगाडि बढाउने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| | | **ङ)** गाउँपालिका सभाहलमा सि.सि. क्यामेरा जडान सम्बन्धमा । | ङ) गाउँपालिका सभाहलमा सि.सि. क्यामेरा जडान गर्न आवश्यक देखिएको हुँदा जडानको प्रकृया तत्काल अगाडि बढाउने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| | | **च)** स्मार्ट कृषि घोडागाउँको लागि समपुरक कोष उपलब्ध गराउने सम्बन्धमा । | च) स्मार्ट कृषि घोडागाउँमा सञ्चालित स्मार्ट कृषिको लागि समपुरक रकम उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमका समितिबाट अनुगमन गरि समितिबाट प्राप्त प्रतिवेदन अनुसार गर्ने ।<br>तपशिल<br>१ गुणेन्द्र घर्ती गाउँपालिका अध्यक्ष<br>२) वागमति क्षेत्रीनी गाउँपालिका उपाध्यक्ष<br>३) केशवराज पार्धे प्रमुख प्रशासकीय अधिकृत<br>४) केशवलाल कवर १ नं. वडा अध्यक्ष<br>५) तुलसी सुनार कार्यपालिका सदस्य<br>६) वासुदेव उपाध्याय कृषि शाखा प्रमुख | |